**आकाशवाणी समाचार- नेपाली**

मितिः २३ मई २०२५

समयः ०७.२५ - ०७.३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मुले हिज राष्ट्रपति भवनमा रक्षा प्रतिष्ठान समारोहको पहिलो चरणमा सशस्त्र बल, केन्द्रीय सशस्त्र पुलिस बल र राज्य तथा केन्द्र शासित प्रदेश पुलिसका कर्मचारीहरूलाई वीरता पुरस्कार प्रदान गर्नु भयो।

- **पूर्वोत्तर निवेशक सम्मेलन** आजदेखि नयाँ दिल्लीमा शुरु हुनेछ, दुई दिवसीय यस सम्मेलनको उद्घाटन प्रधानमंत्री नरेन्द्र मोदीले गर्नु हुनेछ ।

- केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डाले हिज नयाँ दिल्लीमा केन्द्र सरकारका अस्पतालहरू, गैरसरकारी संस्थाहरू र वरिष्ठ अधिकारीहरूसँग कायाकल्प मन्थनको अध्यक्षता गर्नु भयो।

- अमेरिका र इरानबीचको पाँचौं चरणको अप्रत्यक्ष वार्ता आज इटालीको राजधानी रोममा हुनेछ।

- आईपिएल क्रिकेटमा हिजो राति लखनउ सुपर जायन्ट्सले गुजरात टाइटन्सलाई ३३ रनले पराजित गरेको छ।

**बीरता पुरस्कार**

राष्ट्रपति द्रौपदी मुर्मुले हिज राष्ट्रपति भवनमा रक्षा प्रतिष्ठान समारोहको पहिलो चरणमा सशस्त्र बल, केन्द्रीय सशस्त्र पुलिस बल र राज्य तथा केन्द्र शासित प्रदेश पुलिसका कर्मचारीहरूलाई वीरता पुरस्कार प्रदान गर्नु भयो। यसमा छ वटा कीर्ति चक्र र ३३ वटा शौर्य चक्रहरू समावेश छन्। कर्तव्य पालनामा अदम्य साहस र असाधारण बहादुरीका लागि कर्मचारीहरूलाई वीरता पुरस्कार प्रदान गरियो। राइफलम्यान रवि कुमार, कर्णेल मनप्रीत सिंह, उप पुलिस अधीक्षक हिमायुन मुजम्मिल भाट र नायक दिलावर खानलाई मरणोपरान्त कीर्तिचक्र प्रदान गरिएको छ। मराठा लाइट इन्फन्ट्रीका मेजर मल्ल राम गोपाल नायडू र पञ्जाब रेजिमेन्टका मेजर मनजीतलाई कीर्ति चक्र प्रदान गरियो। मेजर आशिष धोन्चक, सिपाही प्रदीप सिंह, हवल्दार रोहित कुमार, कन्स्टेबल पवन कुमार, कन्स्टेबल देवन सी, विजयन कुट्टी जी र क्याप्टेन दीपक सिंह लगायत सात बहादुर जवानहरूलाई कर्तव्य पालनामा असाधारण साहस र बलिदानको लागि मरणोपरान्त शौर्य चक्र प्रदान गरिएको थियो। यस अवसरमा उपराष्ट्रपति जगदीप धनखड, प्रधानमन्त्री नरेन्द्र मोदी र रक्षामन्त्री राजनाथ सिंहलगायत अन्य विशिष्ट व्यक्तिहरू उपस्थित थिए।

BYTE

**पूर्वोत्तर निवेशक सम्मेलन**

**पूर्वोत्तर निवेशक सम्मेलन** सम्मेलन आजदेखि नयाँ दिल्लीमा शुरु हुनेछ। दुई दिवसीय यस सम्मेलनको उद्घाटन प्रधानमंत्री नरेन्द्र मोदीले गर्नु हुनेछ । सम्मेलनको उद्देश्य पूर्वोत्तर क्षेत्रहरूमा उपलब्ध अवसरहरू प्रकट गर्न र वैश्विक तथा घरेलू निवेशलाई आकर्षित गर्नु रहेको छ। पूर्वोत्तरमा लगानीका लागि पर्यटन, आतिथ्य, कृषि-खाद्य, कपड़ा, हथकरघा, हस्तशिल्प, स्वास्थ्य सेवा, शिक्षा, कौशल विकास, सूचना प्रविधि, काम, मनोरंजन र खेलकुदको प्रमुख क्षेत्र मानिन्छ। दुई दिवीय सम्मेलनसंगै उत्तर पूर्वी क्षेत्रका राज्य सरकारहरू र राज्य सरकारहरूसँगको सहकार्यमा केन्द्र सरकारले पहिलेदेखि नै आयोजना गर्दै आइरहेको जारी रोड शो, गोलमेच बैठक र राजदूतहरूको बैठकको पनि सम्पन्न हुनेछ।

BYTE

**स्वास्थ्य-कायाकल्प मंथन**

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डाले हिज नयाँ दिल्लीमा केन्द्र सरकारका अस्पतालहरू, गैरसरकारी संस्थाहरू र वरिष्ठ अधिकारीहरूसँग कायाकल्प मन्थनको अध्यक्षता गर्नु भयो। यस बैठकको उद्देश्य राम्रो स्वास्थ्य परिणामहरूको लागि सार्वजनिक सहभागितालाई प्रवर्द्धन गर्नु हो। सामाजिक सञ्जाल पोस्टमा, श्री नड्डाले भन्नु भयो, विगत १० वर्षमा, कायाकल्प योजनाले सार्वजनिक स्वास्थ्य सेवामा सरसफाइ र संक्रमण नियन्त्रणलाई प्रवर्द्धन गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ। उहाले सबैलाई राम्रो स्वास्थ्य सेवा वितरण प्रणालीतर्फ काम गर्न आग्रह गर्नु हुदै बिरामीहरूको आवश्यकतामा ध्यान केन्द्रित गर्ने र स्वास्थ्य सेवा सुधार गर्ने महत्त्वमा जोड दिनु भयो ।

**जयशंकर बर्लिन**

विदेशमन्त्री डा. एस. जयशंकरले हिजो जर्मनीको राजधानी बर्लिनमा युरोपका लागि भारतीय राजदूतहरूको सम्मेलनको अध्यक्षता गर्नु भयो। श्री जयशंकरले सामाजिक सञ्जाल पोस्टमा भन्नु भयो, सम्मेलनमा अपरेशन सिन्दूर र आतंकवाद विरुद्ध भारतको शून्य सहनशीलता नीतिबारे छलफल गरिएको थियो। बैठकले यस परिवर्तनशील समयमा युरोपसँगको सम्बन्धलाई कसरी अझ बलियो पार्ने भन्ने बारेमा पनि छलफल गर्यो।

**किरू जलविद्युत मामला**

सीबीआईले जम्मू कश्मीरका पूर्व राज्यपाल सत्यपाल मलिक र अन्य पाँच जना विरुद्ध आरोपपत्रदर्ता गरेको छ। २०१९ मा किरु जलविद्युत परियोजनाको लागि २ हजार २ करोड करोड रुपियाँको सिभिल कार्य ठेक्कामा भएको कथित भ्रष्टाचारको सम्बन्धमा आरोपपत्र दर्ता गरिएको छ। अधिकारीहरूले हिज यसबारे जानकारी दिएका हुन्। एजेन्सीले तीन वर्षको अनुसन्धान पछि विशेष अदालतमा आफ्नो निष्कर्ष पेश गरेको छ, जसमा मलिक र अन्य पाँच जनालाई अभियुक्तको रूपमा नाम दिइएको छ। एफआईआर २०२२ मा दायर गरिएको थियो। केन्द्रीय एजेन्सीले चेनाब भ्याली पावर प्रोजेक्ट्स प्रा.लि. का तत्कालीन अध्यक्ष नवीन कुमार चौधरी र निर्माण कम्पनी पटेल इन्जिनियरिङ लिमिटेडका साथै एम.एस बाबु, एम.के मित्तल र अरुण कुमार मिश्रा लगायत अन्य अधिकारीहरू विरुद्ध मुद्दा दर्ता गरेको छ।

**अल पार्टी - प्रतिनिधिमण्डल**

जनता दल-युनाइटेडका सांसद संजय झाको नेतृत्वको बहुदलीय प्रतिनिधिमण्डलले हिज टोकियोमा जापानका विदेशमन्त्री ताकेशी इवायासंग भेटघाट गर्दै आतंकवाद विरुद्धको लडाईमा जापानलाई समर्थन गर्ने आह्वान गरेको छ छ। उहाले २५ अप्रिलको संयुक्त राष्ट्र सुरक्षा परिषद्को प्रेस विज्ञप्तिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न आह्वान गर्नु भयो । विज्ञप्तिमा आतंकवादको यस निन्दनीय कार्यका दोषी, आयोजक, वित्तपोषक र प्रायोजकहरूलाई जवाफदेही बनाउनु र उनीहरूलाई न्यायको कठघरामा ल्याउनु पर्ने आवश्यकतामा जोड दिइएको छ।

**निर्मलजीत सिंह-परमवीर चक्र**

अपरेशन सिन्दूरको सफलताबाट उत्साहित, सम्पूर्ण देशले भारतीय सैनिकहरूको वीरता र साहसलाई सलाम गरिरहेको छ। सशस्त्र बलहरूप्रति सम्मान र कृतज्ञताको भावनामा, आकाशवाणी समाचारले एक विशेष श्रृंखला प्रसारण गर्दैछ। यसै शृङ्खलामा, आज हामी परमवीर चक्र विजेता फ्लाइङ अफिसर निर्मलजीत सिंह सेखोनलाई स्मरण गरिरहेका छौं, जसले १९७१ को भारत-पाकिस्तान युद्धमा श्रीनगर एयरबेसको रक्षा गर्दा सर्वोच्च बलिदान दिएका थिए।

**चागोस द्वीपसमूह**

भारतले डिएगो गार्सिया सहित चागोस द्वीपसमूहमाथि मौरिससको सार्वभौमिकता फिर्ता हुने सम्बन्धमा यूनाइटेड किंगडम र मौरिसस बीच भएको सन्धिमा हस्ताक्षर भएकोमा स्वागत गरेको छ । विदेश मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ, यस द्विपक्षीय सन्धि मार्फत लामो समयदेखि चलिरहेको चागोस विवादको औपचारिक समाधान यस क्षेत्रको लागि एक महत्वपूर्ण उपलब्धि र सकारात्मक विकास हो । यो गत वर्ष अक्टोबरमा दुई पक्षबीच भएको समझदारीमा आधारित छ र अन्तर्राष्ट्रिय कानून र नियम-आधारित व्यवस्थाको भावनामा मौरिससको उपनिवेशीकरण प्रक्रियाको चरम सीमालाई प्रतिनिधित्व गर्दछ। भारतले

उपनिवेशीकरणको अन्त्य, सार्वभौमसत्ताको सम्मान र देशको क्षेत्रीय अखण्डताको सिद्धान्तलाई ध्यानमा राख्दै चागोस द्वीपसमूहमा मौरिससको वैध दाबीलाई निरन्तर समर्थन गर्दै आएको छ। विज्ञप्तिमा मौरिससको एक दृढ र दीर्घकालीन साझेदारको रूपमा, भारत समुद्री सुरक्षा र क्षेत्रीय स्थिरतालाई सुदृढ पार्न र हिन्द महासागर क्षेत्रमा शान्ति र समृद्धि सुनिश्चित गर्न मौरिसस र अन्य समान विचारधारा भएका देशहरूसँग नजिकबाट काम गर्न प्रतिबद्ध रहेको बताएको छ।

**अमरीका-ईरान वार्ता**

अमेरिका र इरानबीचको पाँचौं चरणको अप्रत्यक्ष वार्ता आज इटालीको राजधानी रोममा हुनेछ। अप्रिलदेखि यता दुई देशबीच चार चरणको वार्ता भइसकेको छ। यी मध्ये तीन वार्ता ओमानको राजधानी मस्कटमा र एउटा रोममा भएको थियो। इरानको परमाणु कार्यक्रममा जारी गतिरोध समाधान गर्न र अमेरिकी प्रतिबन्धहरू हटाउन यो वार्ता भइरहेको छ। यो संवाद ओमानले सञ्चालन गरिरहेको छ।

**बांग्लादेश-यूनुस**

बंगलादेशको अन्तरिम सरकारका प्रमुख सल्लाहकार प्रोफेसर मुहम्मद युनुसले हालैका घटनाक्रमहरूलाई ध्यानमा राख्दै राजीनामा दिने विचार गरिरहेका छन्। बंगलादेशको एक अग्रणी समाचारपत्र डेली स्टारका अनुसार हिजो सल्लाहकार परिषद्को बैठकमा अनौपचारिक छलफलको क्रममा श्री युनुसले राजीनामा दिने इच्छा व्यक्त गर्नु भएको थियो। समाचार पत्र अनुसार श्री युनुस आफ्नो सरकारको कार्य सम्पादनबाट असन्तुष्ट थिए। यसैबीच, सामाजिक सञ्जालमा भएका अनुमानहरूका बीचमा, जुलाईको विद्रोहसँग सम्बन्धित नेताहरूले श्री युनुसलाई उनको निवासमा भेटे। जसमा सूचना सल्लाहकार महफुज आलम, स्थानीय सरकार सल्लाहकार आसिफ महमुद शोजिब भुयान र राष्ट्रिय नागरिक पार्टीका संयोजक नाहिद इस्लाम थिए।

**संयुक्त राष्ट्र-गाजा सहायता**

इजरायलले ११ हप्ता लामो नाकाबन्दी खुकुलो पारेको तीन दिनपछि गाजा पट्टी भित्र संयुक्त राष्ट्रसंघको टोलीले ९० भन्दा बढी ट्रक मानवीय सहायता सङ्कलन गरेको छ। आटा, शिशुहरुको आहर र चिकित्सा उपकरणहरू सहितको सहायता बुधबार राति केरेम शालोम क्रसिङबाट उठाइएको थियो र वितरणको लागि गोदामहरूमा लगिएको थियो। धेरै वेरोजकारीहरूले रोटी बनाउन थालेका छन्। संयुक्त राष्ट्रसंघले इजरायली सेनाले खाली गरेको एकल पहुँच सडकमा सुरक्षाको अभावका कारण ढिलाइ भएको बताएको छ। इजरायली अधिकारीहरूले बुधबार थप १०० ट्रक लोडलाई अनुमति दिएको बताएका छन्। यद्यपि, मानवीय संस्थाहरूले आधारभूत खाद्य वस्तुहरूको गम्भीर अभाव र आकाश छोएको मूल्यको बीचमा २.१ मिलियन जनसंख्यामा भोकमरीको गम्भीर स्तरको चेतावनी दिएका छन्।

**आईपिएल**

आईपिएल क्रिकेटमा हिजो राति लखनउ सुपर जायन्ट्सले गुजरात टाइटन्सलाई ३३ रनले पराजित गरेको छ। अहमदाबादमा सम्पन्न भएको म्याचमा पहिले ब्याटिङ गर्दै, लखनऊले निर्धारित २० ओभरमा दुई विकेट गुमाउँदै २३५ रन बनायो। जवाफमा गुजरातले २०२ रन मात्र बनाउन सक्यो। प्रतियोगितामा आज रोयल च्यालेन्जर्स बैंगलोर र सनराइजर्स हैदराबादबीच म्याच हुनेछ। यो म्याच लखनऊमा साँझ ७ बजेर ३० मिनटमा शुरु हुनेछ।

****** ० ******